
बाल सन्दर्भ सामग्री – १०

# अल्छीको औषधी



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# अल्छीको औषधी



यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

पुनर्लेखन
गोरखबहादुर सिंह

चित्राङ्कन कर्ता
गौतम मानन्धर

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।


वि.सं. २०७३

पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| क्र.स. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | स्यालले जवाफ भेटेन | ५ |
| २. | सिंह र सिकार | ६ |
| ३. | बुद्धिमान् भ्यागुतो | ७ |
| ४. | सिंह र किसान | ८ |
| ५. | दूरदर्शी काग | ९ |
| ६. | कसौँडीकी छोरी | १० |
| ७. | उड्ने कछुवाको गीत | ११ |
| ८. | सुद्धिबिनाको व्यापारी | १२ |
| ९. | उत्तिस र धान | १३ |
| १०. | अल्छी किसान | १४ |
| ११. | पौडीबाजको लोभ | १५ |
| १२. | हाँसको परिकार | १६ |
| १३. | कछुवाको घर | १७ |
| १४. | दुई छिमेकी | १८ |
| १५. | भँगेराको चलाखी | १९ |
| १६. | बुढीआमाको सियो | २० |
| १७. | सजिलो चित्र | २१ |
| १८. | बिरामी सिंह | २२ |
| १९. | कछुवा र स्याल | २३ |
| २०. | घाम कि पानी | २४ |
| २१. | मित मितको भेट... | २५ |
| २२. | अनौठो सिकारी | २६ |
| २३. | चोर समाउने जुक्ति | २७ |
| २४. | अल्छीको औषधी | २८ |
| २५. | अनौठो औषधी | २९ |
| २६. | सानो खरायोको ठुलो बुद्धि | ३० |
| २७. | बास्नाको मोल | ३१ |
| २८. | अल्छी केराउ | ३२ |
| २९. | किसानको जुक्ति | ३३ |
| ३०. | स्यालले दिउँसै तारा देख्यो | ३४ |
| ३१. | नयाँ मन्त्रालय | ३५ |

# स्यालले जवाफ भेटेन



एक पटक एउटा स्यालले बाख्राको पाठो देख्यो । स्यालले बाख्राको पाठो खाने विचारले पाठाको पछि पछि लाग्यो । तर पाठो अलिक टाढै थियो । उसले पनि स्याललाई देख्यो र स्यालबाट बच्न दौडिँदै भाग्न थाल्यो । तर पाठो जति दौडिए पनि स्याल भने नजिक नजिक आउँदै थियो ।

यस्तैमा तिनीहरू एउटा घरको नजिकै पुगे । पाठालाई अब त बाँचिन्छ कि भन्ने आशा पलायो । पाठो घरभित्र पस्यो । घरमा मानिस थिए, त्यसैले स्याल घरभित्र पस्न डरायो । घर बाहिरैबाट स्याले भन्यो, “तिमी घर भित्र पसेर के गर्छौ ? घरबेटीले तिमीलाई बाँकी राख्दैन क्यारे । त्यसैले तिमी बाहिर आउनै राम्रो ।”

पाठाले जवाफ दियो, “हेर स्याल तिमीले भनेको कुरा तिम्रा लागि ठिक होला, तर मेरो विचार भिन्दै छ । मलाई घरधनीले समाएर खान्छ नै भन्न सकिँदैन, पाल्न पनि सक्छ । तर बाहिर निस्कँ भने म तिम्रो आहार बन्नुबाहेक अरू उपाय छैन । त्यसैले तिम्रो सल्लाह तिमीसँगै राख र आफ्नो बाटो लाग ।”

पाठाको जवाफले स्याल निरुत्तर र निरास भयो । कतै केही पाइन्छ कि भने आशा लिएर स्याल वनतिर लाग्यो ।




# सिंह र सिकार

एक साँझ एउटा सिंह सिकार गर्न गुफाबाट निस्क्यो । उसले गुफाको नजिकैको झाडीमा मस्तसँग सुतिरहेको खरायो देख्यो । धेरै परिश्रम नगरी सिकार भेटिएकामा सिंह मख्ख पऱ्यो ।

सिंह खरायो माथि झम्टिनै आँटेको थियो केही पर मृग चरिरहेको देख्यो । सिंहले मनमनै भन्यो, "आहा, क्या राम्रो मृग रहेछ । यो भुत्ले खरायोभन्दा त त्यो मोटो मृग कति मिठो मिठो ।"

सिंहले मृगलाई लखेट्न थाल्यो । तर जङ्गल बाक्लो थियो, मृग फुर्तिलो थियो । मृग सिंहलाई छक्याउँदै बाक्लो झाडीभित्र लुक्यो । त्यसैले सिंहले मृग समाउन सकेन ।




"भैहाल्यो आज खरायोले नै छाक टार्नुपऱ्यो ।" सिंह खरायो सुतेको ठाउँमा फर्क्यो । तर त्यहाँ खरायो थिएन । सिंह र मृगको दौडको हल्लाले ब्युँझिएर खरायोले सुइँकुच्चा ठोकिसकेको थियो ।

त्यतिन्जेलसम्म रात परिसकेको थियो । सिंहसँग अर्को सिकार गर्न जाने समय थिएन । त्यसैले त्यो रात सिंहले भोकै बिताउनुपऱ्यो ।



# बुद्धिमान् भ्यागुतो



धेरै पहिले कुनै तलाउमा दुइटा भ्यागुता बस्थे । तलाउमा प्रशस्त दानापानी थियो । ती भ्यागुता खुसी थिए ।

तर गर्मी सुरु हुन थालेपछि तलाउ सुक्न थाल्यो । सुक्न थालेको केही दिनपछि त तलाउमा कति पनि पानी बाँकी रहेन । ती दुवै भ्यागुता पानी भएको तलाउको खोजीमा हिंडे । हिंड्दा हिंड्दै तिनीहरूले एउटा इनार भेटे । तिनीहरूले इनारको किनारमा बसेर इनारभित्र हेरे । इनार गहिरो भए पनि प्रशस्त पानी थियो ।

इनार देखेर एउटा भ्यागुतो अत्यन्त खुसी भयो र भन्यो, “यो इनार हाम्रा लागि अति सुरक्षित छ । पानी पनि मिठो र शीतल हुनुपर्छ । हामी यही बस्नका लागि इनारमा पसौँ ।”

अर्को भ्यागुतो बुद्धिमान् र दूरदर्शी थियो । उसले भन्यो, “त्यसरी हतारिनु हुँदैन, मित्र ! हामीले हामी बसेको तलाउ सुकेर त्यसलाई छोड्नुपर्‍यो । अर्को इनारमा कुद्नुभन्दा पहिले हामीले एउटा कुरा सोच्नुपर्ने हुन्छ । तलाउ जस्तै यो इनार पनि सुक्यो भने हामी कसरी बाहिर निस्कन सक्छौँ ।” पहिलो भ्यागुतासँग यसको जवाफ थिएन ।

# सिंह र किसान



कुनै जङ्गलको छेउमा एउटा किसानको घर थियो । किसानकी एउटी छोरी थिइन् । उनी अत्यन्तै राम्री थिइन् । एक दिन एउटा सिंहले किसानकी छोरीलाई देख्यो ।

“म तिम्री छोरीलाई विवाह गर्न चाहन्छु ।” किसानकी छोरी देखेपछि सिंहले भन्यो । वास्तवमा किसान सिंहलाई छोरी दिन त चाहँदैनथ्यो तर ऊ सिंहसँग डराउँथ्यो। त्यसैले किसानले प्रस्ताव राख्यो, “मेरी छोरी तिम्रा नङ्गा र दारादेखि निकै डराउँछिन्। पहिले नङ्ग्रा र दारा निकाल, अनि विवाहको सल्लाह गरौँला ।” सिंहले केटीलाई निकै मन पराएको थियो । किसानको प्रस्ताव तुरुन्तै स्वीकार गर्‍यो । “तिमीले भनेअनुसार मैले सबै दारा र नङ्ग्रा निकालिदिएँ ।” अर्को दिन बिहानै सिंह किसानको घर पुगेर भन्यो ।

किसानले सिंहका दारा नङ्ग्रा हेर्‍यो । वास्तवमा सिंहको एउटा पनि दारा नङ्ग्रा थिएनन्। किसानकी त्यति राम्री छोरी सिंहलाई बिहे गरिदिने त कुरै



भएन, मोटो लौराले चुट्दै किसानले सिंहलाई धपायो ।

# दूरदर्शी काग



कुनै जङ्गलमा दुई ओटा काग बस्थे। ती दुईमा घनिष्ट मित्रता थियो। तर एक पटक ती दुई ओटा कागमा एउटा विवाद चल्यो। विवादको विषय थियो, "एउटै आकारका थैलामा आफूले चाहेको सामान भरेर को माथि पुग्ने ?"

पहिलो कागले विचार गर्‍यो, "थैलीमा कपास भर्नु ठिक होला किनभने कपास हलुँगो हुन्छ ।" त्यसैले उसले थैलीमा कपास भार्‍यो । तर दोस्रो कागले आकाशतिर हेर्‍यो र थैलीमा नुन भर्‍यो । दोस्रो कागले थैलीमा गह्रुँगो नुन भरेको देखेर पहिलो कागलाई हाँसो उठ्यो। आआफ्ना थैला भरपछि दुवै काग आकाशमा उड्ने तयारीमा थिए । दोस्रो कागले गरेको अनुमान जस्तै आकाशबाट पानी पर्न थाल्यो ।

पानीले भिजेर नुन पग्लन थाल्यो, तर कपास भने भिजेर गह्रुँगो हुँदै जान थाल्यो । एकछिनपछि नुनको थैलो भरेको काग हलुँगो थैली लिएर आकाशमा उड्न थाल्यो। तर कपास भरिएको थैली भने पानीले भिजेर कागले उचाल्न नसक्ने भयो। थैलीमा कपास भर्ने कागले अर्को कागलाई भन्यो, "तिम्रो बादल देख्ने बुद्धिले मलाई हरायो ।"

# कसौँडीको छोरी



एक पटक एउटा घरमा केही पाहुनाहरू आए । उनका घरमा भएका भाँडाले खाना बनाउन पुगेनन् । घरबुढीले छिमेकमा गएर एउटा कसौँडी मागेर ल्याइन् । अर्को दिन कसौँडी फर्काउँदा कसौँडीसँगै एउटा कचौरा पनि दिइन् । "यो कचौरा किन ?" छिमेकीले सोधिन् ।

"यो कचौरा आज राती तिम्रो कसौँडीले जन्माएको हो । तिम्रा कसौँडीकी छोरीलाई मैले किन राख्ने भनेर ल्याइदिएकी ।"

"कस्तो अचम्म भएछ ।" छिमेकीले खुसी हुँदै कचौरा राखिन् ।

केही दिनपछि पहिले जस्तै फेरि पनि ती महिलाले कसौँडी मागिन् । तर हप्तौँ बित्दा पनि उनले कसौँडी फर्काउने नामै लिइनन् । त्यो देखेर एक दिन छिमेकीले भनिन्, "कसौँडीको काम सकिएको भए फिर्ता ल्याइदिन्थ्यौँ कि ?"

"के गर्ने दिदी, कसौँडी त मऱ्यो ।" पहिली छिमेकीले भनिन् ।

"कसौँडी पनि मर्छ ? नहुने कुरा ।" उनले आश्चर्य प्रकट गरिन् ।

"किन नमर्नु कसौँडीले छोरी जन्माउन सक्छ भने मर्न किन नसक्ने ?"

कसौँडी दिने छिमेकीले छिमेकीको चलाखी बुझिन् तर बुझेर पनि केही जवाफ दिन भने सकिनन् ।

# उड्ने कछुवाको गीत

गर्मी सुरु भएको धेरै भएको थिएन। एउटा तलाउ सुक्यो। तलाउको पानीमा बाँचेका पशुपक्षी बिचल्लीमा परे। उनीहरू एक एक गरेर नयाँ तलाउको खोजीमा लागे।

तर तलाउको कछुवालाई समस्या पऱ्यो। उसलाई लाग्यो, "अब मरिने भइयो।"

उसले उसका साथी सारसका भाले पोथीसँग सहयोग माग्यो। सहयोग त गर्ने तर कसरी ? तर उनीहरूले केहीबेर विचार गरेपछि एउटा उपाय निकाले कछुवा सानो लट्ठीमा झुन्डिने र सारसका भालेपोथीले लट्ठीलाई चुच्चाले च्यापी उड्ने।

"तर उड्दा तिमीले मुख खोल्नु हुँदैन।" सारसका जोडीले कछुवालाई सतर्क बनाए।

उनीहरूको त्यो रमाइलो यात्रा वनमा गाईबस्तु चराइरहेका केही गोठालाले देखे।

"ओहो त्यो कछुवा पोलर खाँदा क्या मिठो होला।" एउटा गोठालाले भन्यो।


"म कछुवा पोल्ने दाउरा खोज्दै गरुँ ?" अर्को गोठालोले हाँसो गऱ्यो।

गोठालाको कुरा आकाशको कछुवाले सुन्यो। गोठालालाई खिसी गर्न एउटा गीत बनायो –

*"खाऊ खाऊ गोठाला हो खुब खाऊ,*

*मनको लड्डु घिउसित खुब खाऊ।"*

कछुवाले गीत सुनाउन मुख खोल्ने बित्तिकै गोठालाहरू रमाउन थाले।



# सुद्धिबिनाको व्यापारी



एक दिन एक जना व्यापारी व्यापारकै कामले कतै जाँदै थियो । उसको प्यारो कुकुर पनि ऊसँगै थियो । बाटो लामो थियो । दिउँसोतिर व्यापारीले एउटा झरनाको किनारमा खाजा खायो र केहीबेर आराम गर्‍यो।

तर जब व्यापारी बाटो लाग्न थाल्यो कुकुरले बाटो छेक्दै भुक्न थाल्यो । कुकुर भुकेको देखेर व्यापारीलाई आश्चर्य लाग्यो। व्यापारीले कुकुरलाई हप्कायो, लट्ठीले हान्यो, तर कुकुर भुक्न छोडेन।

कुकुरको त्यस्तो चाला देखेर व्यापारीलाई लाग्यो पक्कै पनि कुकुर बहुलायो होला । त्यसैले उसले भिरिराखेको बन्दुक निकालेर कुकुरलाई हान्यो। व्यापारी केही पर पुगेको थियो उसले थाहा पायो, उसले भिरिराखेको पैसाको झोला हराएछ। ऊ आत्तियो किनभने झोलामा धेरै पैसा थियो । ऊ आएकै बाटातिर फर्कियो। खाजा खाएको ठाउँमा पुग्दा उसले देख्यो त्यहाँ उसको कुकुर मरेको थियो । मरेको कुकुरले व्यापारीको पैसा भएको झाला मुखमा च्यापिरहेको थियो ।

व्यापारीले केही पहिले कुकुर भुक्नुको रहस्य बुझ्यो। तर अब के गर्ने ?

व्यापारीले पछिसम्म पनि उसको त्यो स्वामीभक्त कुकुरलाई बिर्सन सकेन।



# उत्तिस र धान






कुनै खोलाको किनारमा एउटा ठुलो उत्तिस र धानको फाँट थियो। उत्तिस आफू ठुलो र बलियो भएकामा घमन्ड गर्थ्यो र सधैँ धानलाई होच्याएर कुरा गर्ने गर्थ्यो। ऊ भन्ने गर्थ्यो, "हेर धान भाइ, मलाई तिम्रो जिन्दगी देखेर दया लागेर आउँछ। तिमीलाई त ससाना हावाको अगाडि पनि झुक्नुपर्छ, सबैसँग सम्झौता गरेर बाँच्नुपर्ने । यस्तो जिन्दगी पनि जिन्दगी हो ? मलाई हेर, आफू त बलियो छु, न मलाई कसैको अगाडि झुक्नुपर्छ न त कसैसँग सम्झौता गर्नुपर्छ।"

एक दिनको कुरा हो, त्यो ठाउँमा ठुलो आँधी बेहरी चल्यो। जब आँधी थामियो धानको बोट त जस्ताको त्यस्तै थियो तर उत्तिसको बोट भने बिचबाट भाँचिएको थियो। यो देखेर उत्तिसले आश्चर्य मान्दै धानलाई सोध्यो, "ए, धान भाइ हेर न म तिमीभन्दा ठुलो र बलियो छु। बलियो भए पनि म भाँचिए। तर तिमीलाई भने यति ठुलो आँधीले पनि कुनै असर पारेन।"

उत्तिसको कुरा सुनेर धानले मुसुक्क हाँस्दै भन्यो, "हेर दाइ, तिमी जति बलियो र ठुलो भए पनि के गर्नु तिमी निकै जिद्दी स्वभावका छौ। तिमी कसैसँग सम्झौता गर्न रुचाउँदैनौ। त्यसैले तिमीले आँधीसँग पनि सम्झौता गरेनौ र भाँचियौ। तर मैले भने आँधीसँग सम्झौता गरेँ। त्यसैले मलाई त्यति ठुलो आँधी बेहरीले पनि केही गर्न सकेन।"

उत्तिसले खेतमा लडेर हावामा लहराइरहेका धान हेर्दै रह्यो।

# अल्छी किसान



कुनै गाउँमा एउटा किसान बस्थ्यो। ऊ पौरखमा भन्दा भाग्यमा बढी विश्वास गर्थ्यो । ऊ खेतमा त जान्थ्यो तर कामकाज गर्न छोडेर नजिकको रुखमुनि बस्दथ्यो । यसरी बस्दा उसले सोच्ने गर्थ्यो, "यो खेत आफैं खनिएर लहलह बाली उब्जिए, खेत खन्दाखन्दै सुनले भरिएको गाग्री भेटिए, अथवा खेतबाट खेतको घरको सबै काम गरिदिने एक जना नोकर भेटिए ....।" यस्तै यस्तै सोच्दासोच्दै दिन ढल्कन्थ्यो, साँझ परेपछि ऊ कुटा कोदाला बोकेर घर फर्कन्थ्यो।

एक दिनको कुरा हो, त्यो किसान त्यसरी नै रुखमुनि बसेर केही सोचिरहेको थियो । त्यसै बेला कतैबाट कुनै सिकारीले घाइते बनाएको हरिण ऊ नजिकै आएर ढल्यो। त्यो देखेर किसान सारै खुसी भयो किनभने उसले केही पनि नगरी उसका अगाडि एउटा हरिण मरिरहेको थियो। उसले त्यो हरिण घरमा लग्यो, आफूले खायो र आफ्ना छिमेकीलाई पनि बाँड्यो । यसरी उसले धेरै दिनदेखिको भोकलाई राम्ररी मेट्यो ।

अर्को दिनदेखि त्यो किसान सधैं रुखमुनि बसेर अर्को हरिणको प्रतीक्षा गर्न थाल्यो। तर बर्सौं बित्दा पनि त्यहाँ कुनै अर्को हरिण आएर ढलेन ।

# पौडीबाजको लोभ



एक पटक लगातार तिन दिनसम्म ठुलो वर्षा भयो । त्यो वर्षाले नदीमा बाढी आयो। बाढी ठुलो थियो, त्यसैले गाउँमा पनि पस्यो । बाढीबाट बच्न गाउँलेको ५-६ जनाको एउटा समूहले डुङ्गाबाट नदी पार गर्ने निधो गरे । तर दुर्भाग्य उनीहरू चढेको डुङ्गा बाढीका कारणले नदीको बिचमा पुगेर ढलपल ढलपल गर्न थाल्यो । केही बेरपछि डुङ्गा नदीको बिचमै डुब्यो।

डुङ्गा डुबेपछि गाउँलेहरूले पौडेर नदी पार गर्न थाले । त्यसरी पौडेर नदी पार गर्न थाल्दा एक जनालाई पौडिन अप्ठेरो पऱ्यो। उसको त्यस्तो अवस्था देखेर साथीहरूले भने, "मित्र, तिमी त पौडिनमा हामी भन्दा सिपालु थियौ, तर पनि किन तिमी राम्ररी पौडिन सकिरहेका छैनौ ?"

"मेरो कम्मरमा चाँदीका रुपियाँको एउटा थैली छ। त्यही थैलीको कारणले मलाई पौडिन अप्ठेरो परिरहेको छ।" जसको जवाफ थियो ।

"आज नदीमा पौडिनु अघिपछिको जस्तो सजिलो छैन, कम्मरका रुपियाँ तुरुन्त फाल । तिम्रो प्राण नै रहँदैन भने रुपियाँको के काम ?" साथीहरूले सल्लाह दिए ।

तैपनि उसले रुपियाँको थैलीसँगै नदी पार गर्ने प्रयास गरिरह्यो । तर केही बेरपछि उलँदो र धमिलो बाढीमा ऊ देखिन छोड्यो ।

त्यो गाउँमा बाढी आएको कैयौँ वर्ष बितिसक्दा पनि नदी किनारका गाउँघरमा ऊ कहिल्यै देखिएन ।

# हाँसको परिकार



एक बथान जङ्गली हाँस आकाशमा उड्दै कतै जाँदै थिए। उड्दै गरेको त्यो हाँसको बथानलाई दुई जना सिकारीले देखे । हाँस मार्नका लागि ती दुवै सिकारीले बन्दुक ताक्दै थिए । त्यसै बेला एक जना सिकारीले भन्यो, "हेर त यी हाँस कस्तो मोटाघाटा रहेछन् । यी हाँसलाई टमाटर र अदुवामा पकाएर खाँदा कस्तो मिठो होला ?"

अर्को सिकारीले भन्यो, "हाँसको पकाएको परिकारभन्दा त सेकुवा मिठो हुन्छ, यी हाँसलाई पनि सेकुवा बनाउनुपर्छ।" दुवै सिकारीमा हाँसको कस्तो परिकार बनाउने भन्ने विषयमा वाद विवाद चल्न थाल्यो। निकै बेरसम्म ती दुवै सिकारी वाद विवादमा अल्झिरहे। अन्त्यमा उनीहरूले सम्झौता गरे आधा हाँस पकाएर खाने र आधा हाँस सेकुवा बनाएर खाने ।

उनीहरूको हाँसको मासुको परिकार बारेको विवाद टुङ्गिनुभन्दा पहिले नै हाँसको बथान ओझेल भइसकेको थियो ।

# कछुवाको घर

नानीहरूले कछुवा त देखेकै हौला । देखेका छैनौ भने यति बुझिराख। कछुवा कत्लै कत्ला भएको कडा खोलभित्र बस्छ । टाउको बाहिर निकाल्छ, तर कुनै खतरा देखेमा वा सुत्दा आराम गर्दा यसले सबै अङ्ग खोलभित्र राख्छ । यसको खोल निकै बलियो



हुन्छ। यति बलियो कि हात्तीले कुल्चे पनि फुट्दैन। कछुवाको त्यो खोल बारे कुनै कथाकारले लेखेको कथा यस्तो छ :

कुनै बेला वन देवताको विवाह भोज चल्दै थियो । भोजमा सबै जनावर सामेल थिए तर भोजमा कछुवा भने देखिएन। विवाह भोज सकिएको केही दिनपछि वन देवता र कछुवाको भेट भयो ।

वन देवताको भने, “कछुवा भाइ, तिमी त मेरो विवाह भोजमा देखिएनौ नि।”

कछुवाले जवाफ दियो, “मलाई त सबैभन्दा प्यारो घर नै लाग्छ। घरको रमाइलो छोडेर कहाँ अरूको भोजतिर लाग्नु ।”

कछुवाको कुरा बेठिक नभए तापनि उसको भनाइको तरिका भने ठिक थिएन ।

कछुवाको कुरा वन देवतालाई तितो लाग्यो । उनले भने, “तिमीलाई घर निकै प्यारो लाग्दो रहेछ, त्यसैले तिमी तिम्रो घरलाई पिठिउँमा बोकिराख्ने गर ।”

भनिन्छ, वन देवताको त्यही सरापका कारण कछुवाले जहिले पनि आफ्नो घर बोकिराखेको हुन्छ ।



# दुई छिमेकी



कुनै गाउँका दुई जना छिमेकीलाई टाढाको वस्तु देख्न नसक्ने रोग लागेको थियो। तर उनीहरू त्यो कुरा अरूलाई बताउन चाहँदैनथे। अझ एकअर्कालाई त उनीहरूको दृष्टि एकदमै ठिक भएको देखाउन चाहन्थे।

एक पटक त्यो गाउँमा मन्दिर बनाइने भएछ। मन्दिरको ढोका नजिकै मन्दिर बनाउन सहयोग गर्नेहरूको नाम र मन्दिर सम्बन्धी अरू जानकारी पनि राखिने भएछ। त्यो कुरा ती दुई छिमेकीले पनि सुने छन्।

केही दिनपछि मन्दिर निर्माण कार्य सम्पन्न भयो। मूर्तिको अनावरण गर्ने भनिएको दिन ती दुवै छिमेकी मन्दिरमा पुगे। एक जनाले मन्दिरको केही टाढैबाट मन्दिरको भित्तामा पढे झैँ गरी उसले सम्झन सकेजति मानिसको नाम भन्यो। उसको मानिसको नाम भन्ने तरिका देख्दा लाग्थ्यो उसले टाढैबाट मन्दिरको भित्तामा लेखिएका नामहरू प्रस्ट देखेर भन्दै छ।

उसले नाम पढिसकेपछि अर्को छिमेकीले भन्यो, "ती नामहरूको तल मन्दिर स्थापनाको साल र महिना पनि कति राम्रो अक्षरमा लेखिएको रहेछ, हगि ?"

उनीहरूको कुरा सुनेर नजिकै बसेका मानिसहरूले जिल्लिँदै भने, "तिमीहरूले कहाँका कुरा पढ्दै छौ। लेख्ने कालिगढ बिरामी परेर यहाँ त केही लेखिएकै छैन।"

अब जिल्लिने पालो ती दुवै छिमेकीको थियो।

# भँगेरोको चलाखी



एक पटक राजा छान्नका लागि जङ्गलका चराहरू जम्मा भएका थिए । राजा छान्नुपर्ने कुरामा सबै चराहरूको सहमत भयो, तर राजा को हुने भन्ने विषयमा भने सहमत हुन सकेन किनभने सबैजसो चराहरू आफैँ राजा हुन चाहन्थे ।

"कसरी राजा छान्ने त ?" चराहरूमा छलफल चल्यो । लामो छलफलपछि निर्णय भयो जो सबैभन्दा माथि उड्न सक्छ, त्यही राजा हुन्छ ।

हुन त साना चराहरूलाई यो कुरा मन परेको थिएन तर एउटा भँगेराले उनीहरूलाई पनि सहमत गरायो ।

उड्ने प्रतियोगितामा भाग त सबैले लिए तर धेरै चराहरू धेरै माथिसम्म उड्न नसकेर फर्के । केही चराहरू माथि माथिसम्म पनि पुगे । तर सबैभन्दा माथि चिल पुग्यो ।

चिल घमन्डसाथ सभामा बोल्यो र भन्यो, "अब म चराहरूको राजा भएँ। सबैभन्दा माथि म पुगेँ ।"

उसको कुरा सुनेर साना चराहरू अब चिलले उनीहरू र उनीहरूका बच्चालाई खाने भयो भनेर डराए । त्यसैबेला चिलको पिठिउँमा फुत्रुक्क झर्दै भँगेराले भन्यो, "तिमी होइन, चराहरूको राजा म हुँ। तिमी जतिसुकै माथि उडे पनि थोरै भए पनि म नै माथि भएँ, किनभने म तिम्रो पिठिउँमा थिएँ ।"

यसरी भँगेरो चराहरूको राजा भयो। यही खुसीयालीमा नाच्न गाउन थालेका भँगेरा अहिले पनि बिहानैदेखि साँझसम्म नाचगान गरेर थाक्दैनन् ।



# बुढीआमाको सियो



एक जना केटालाई पटक्कै पढ्न मन लाग्दैनथ्यो। त्यसैले एक दिन विद्यालय जानुको सट्टा ऊ बल्छी बोकेर नदीमा माछा मार्न गयो । नदीको किनारमा उसले एक जना बुढीआमा देख्यो । बुढीआमाले ठुलो ढुङ्गामा गलको टुक्रा घोटिरहेकी थिइन् ।

“आमा ! तपाईँले यो गल किन घोटिराख्नु भएको छ ?”

“यसलाई सियो बनाउनु छ, बाबु ।” आमाको उत्तर थियो । “यति ठुलो गल घोटेर सियो ? हुनै नसक्ने काम ।” केटाले भन्यो ।

“यो गल अवश्य सियो बन्छ । तर यसलाई घोट्न अल्छी गर्नुहुँदैन ।” बुढीआमाले जवाफ दिइन् ।

उनको कुरालाई केटाले निकैबेर गहिरिएर सोच्यो । उसले मनमनै विचार गऱ्यो, “त्यत्रो गल घोटेर सियो बन्छ भने मैले पढ्न किन नसक्ने ?” ऊ बल्छी फालेर स्कुलतिर फर्क्यो ।



# सजिलो चित्र



एक जना राजा चित्रकलामा सौखिन थिए। उनका दरबारमा चित्रकार पनि थिए । एक दिन गफकै सिलसिलामा राजाले चित्रकारलाई सोधे, "के कुराको चित्र बनाउन अप्ठेरो हुन्छ ?" "गाईबस्तु, भेडाबाख्रा आदिको चित्र बनाउन अप्ठेरो हुन्छ" चित्रकारले जवाफ दियो ।

"अनि केको चित्र बनाउन सजिलो हुन्छ ?" राजाले सोधे। "भगवान्, राक्षस, भूतप्रेतको चित्र बनाउन सजिलो हुन्छ ।"


"कसरी ?" राजाले सोधे ।

"गाईबस्तु र भेडाबाख्रासँग त सबै परिचित छन् । ती जनावरहरू हाम्रा वरिपरि छन् र सधैँजसो देखिन्छन् । त्यसैले चित्र दुरुस्त भएन भने चित्र हेर्ने मानिसले तुरुन्त थाहा पाउँछ, कहाँ के मिलेन । तर भगवान्, राक्षस, भूतप्रेतलाई त कसैले देखेका छैनन् । त्यसैले तिनीहरूको चित्र मिले नमिलेको भन्न सक्दैनन्, त्यसैले जस्तो चित्र बनाए पनि हुन्छ ।"

चित्रकारको तर्क राजालाई राम्रो लाग्यो । त्यसपछिका राजासभामा ती चित्रकार पनि आमन्त्रित हुन थाल्यो ।

# बिरामी सिंह

एक पटक वनको राजा सिंहको पेट गडबड भएछ। वनका धेरै जनावरहरू आफ्ना बिरामी राजालाई भेट्न आए। भेट्न आएको जरायोले भन्यो, "सरकार, हजुरको सास त सारै गनाउँदो रहेछ।" "तैँले मेरो सास गनाउँछ भन्ने साहस कसरी गर्न सकिस्?" सिंह जरायो माथि झम्ट्यो।




"तिमीलाई मेरो सास कस्तो लाग्यो?" सिंहले बनेलसँग सोध्यो। जरायोको दुर्गति आफ्नै अगाडि देखेको बनेलले भन्यो "हजुरको सास त सारै सुगन्धित छ, सरकार।" "पेट बिग्रेको बेलामा पनि सास सुगन्धित हुन्छ? तैँले मलाई मूर्ख बनाउन खोजेको?" बनेल पनि सिंहको सिकार बन्यो।

"अनि तिम्रो विचार के छ?" सिंहले स्यालाई सोध्यो।

"के गर्ने सरकार, मलाई त रुघाले यसरी सताएको छ कि कुनै कुराको गन्ध नै थाहा पाउँदिनँ।" यो चतुर जवाफले स्यालले सिंहको सिकार हुनुपरेन।

# कछुवा र स्याल




एक पटक स्यालले कछुवा समायो । कछुवा त समायो तर कछुवाको बलियो हाडे पखटा फोरेर स्यालले कछुवा खान सकेन ।

"मलाई पानीमा भिजाऊ न त ! म भिजेर कमलो भएँ भने तिमीलाई मेरो खपटा फोर्न सजिलो हुने छ ।" कछुवाले सल्लाह दियो ।

"यो खपटेले ठिकै भन्यो, यसलाई नदीमा भिजाएर खानुपर्‍यो ।" स्यालले कछुवालाई नदीमा छोडिदियो । कछुवाको घरै नदी । कछुवालाई नदीमा पौडिन त स्याललाई जङ्गलमा कुद्नुभन्दा पनि सजिलो । स्यालको हातबाट फुत्कनेबित्तिकै कछुवा त नदी पारी गयो ।

नदी पारी पुगेर कछुवाले स्याललाई उल्ल्यायो, "स्याल बाबु, तिमी मात्रै बाठो छैनौ । अरू कति जनावर तिमीभन्दा पनि बाठा छन् ।"



# घाम कि पानी



कुनै मानिसका दुई ओटी छोरी थिए । दुवै छोरीको बिहे भइसकेको थियो। जेठी छोरीको विवाह किसानसँग भएको थियो। कान्छी छोरीको विवाह कुमालेसँग भएको थियो ।

एक दिन ती बाबु छोरीलाई भेट्न हिँडे। पहिले जेठी छोरीका घरमा पुगेर सोधे, "छोरी खेतीपाती कस्तो छ ?"



"खेतीपाती त राम्रै छ, तर अब धान रोप्ने बेला आएको छ। त्यसैले बुबाले भगवान्सँग पानीका लागि प्रार्थना गरिदिनुहोला", जेठी छोरीले भनिन् ।


तर कान्छी छोरीको माग भिन्दै थियो, "थुप्रै माटाका भाँडा बनाएर सुकाएका छौँ । त्यसैले हालसाल पानी नपार्न प्रार्थना गरी दिनुहोला ।"

छोरीहरूलाई भेटेर फर्कँदा बाटामा बाबुले गाएको गीत यस्तो थियो –

*"जेठी माग्ने पानी, कान्छी माग्ने घाम,*
*म एक्लो बुढा कतातिर जाम ।"*



# मित मितको भेट रित्तै रह्यो पेट




एक पटक स्याल र सारसले मित लगाए छन् । मित लगाएको पहिलो वार्षिकीमा स्यालले सारसलाई साँझको खानाका लागि निम्तो गरेछ ।

खाना तयार भएपछि सारस र स्याल दुवै भान्छामा पुगे । भान्छामा मिठो मिठो खानाको बास्ना फैलिएको थियो । भान्साको मिठो बास्नाले सारसका मुखमा पानी भरिन थाल्यो ।

तर सारसले त्यो मिठो खानाको स्वाद लिन सकेन, किनभने उसका चुच्चो भने लामो थियो र खाना थालमा राखिएको थियो । स्याल डकार्दै सुत्दा सारस भोकले छटपटाइ रहेको थियो ।

त्यसको केही महिनापछि सारसले पनि स्याललाई निमन्त्रणा गऱ्यो ।

तर खाना भने लामो र साँगुरो घाँटी भएको लामो सुराहीमा थियो । सारसले त लामा लामा चुच्चोले मजासँग सुराहीभित्रको खाना खायो । तर स्यालले भने ऱ्याल चुहाउँदै सारसले खाएको हेरेर मात्रै चित्त बुझाउनु पऱ्यो ।



# अनौठो सिकारी



एक जना सिकारी थियो । ऊ आफूलाई निकै सुरो भएको देखाउन चाहन्थ्यो । एक दिन ऊ बन्दुक भिरेर जङ्गलतिर लाग्यो । जङ्गलमा उसको एक जना दाउरेसँग भेट भयो । सिकारीले दाउरेसँग भन्यो, "तिमीले यता कतै भालुका पाइला देखेका छौ ?"

दाउरेले आफ्नो काम बिसाउँदै भन्यो, "पाइला मात्र होइन मैले त भालुको गुफा पनि देखेको छु । ल हिँड, म तिमीलाई गुफा देखाइदिन्छु ।" भालु र भालुको गुफाको कुरा सुन्नेबित्तिकै सिकारी डरायो । उसले डरले काम्दै भन्यो, "होइन, होइन, भालुको गुफा देखाउन पर्दैन, मैले त खालि भालुका पाइला मात्र सोधेको ।"

"भालुका पाइलाको मात्रै सिकार गर्ने मान्छे मैले पहिलो पटक देखेँ ।" यति भन्दै दाउरे आफ्नो काममा लाग्यो ।

# चोर समाउने जुक्ति



कुनै देशमा एक जना राजा थिए । उनी जनताको सुख सुविधाको निकै ख्याल राख्दथे । एक पटक उनको राजधानीमा चोरी बढ्न थाल्यो । त्यसैले राजाले घोषणा गरे सहरको चोर पत्ता लगाउनेले एक हजार चाँदीका सिक्का पुरस्कार पाउने छ।

तिनैताका एक जना सहरबासीको बाकसको साँचो हराएछ । अनि ऊ सहरका मानिस जम्मा भएको ठाउँमा गयो। त्यहाँ उसले आफ्नो महत्त्वपूर्ण बाकसको साँचो हराएको कुरा सुनायो।

उसको बाकसको साँचो त भेटिएन, तर त्यही रात उसको बाकस भने चोरियो। अर्को दिन कुनै एक जनाले बाकसभित्रको चिठी राजा कहाँ पुऱ्यायो। चिठीमा लेखिएको थियो -

सरकार,

सरकारको यो सहरको चोर पत्ता लगाउने सदिच्छा पुरा गर्न मैले एउटा जुक्ति सोचेँ । मेरो जुक्तिअनुसार मैले हिजो सहरमा प्रचार गरेँ, "मेरो बाकसमा एउटा अति महत्त्वपूर्ण चिठी छ। यो चिठी भोलिसम्म नखोलीकन राजालाई पुऱ्याउन सके आधा राज्य पाइन्छ रे। तर दुखको कुरा बाकसको साँचो हराएको छ । पाउनेले दिनुभयो भने ठुलो पुरस्कार दिने छु।" मेरो प्रचार सुनेर यो मानिसले बाकसको चिठी चोरेर हजुरकहाँ ल्याएको छ त्यसैले यो चिठी लिएर आउने मानिस यो सहरको ठुलो चोर हो।"

आज्ञाकारी

जुक्ति कुमार

त्यसको भोलिपल्टै सहरमा ठुलो सभाको आयोजना भयो । सभामा राजाले चोर समाउने जुक्ति सोच्नेलाई एक हजार चाँदीका सिक्का र बाकस चोर्नेलाई दण्ड दिए।

# अल्छीको औषधी

कुनै गाउँमा एक जोडी दम्पती बस्थे । ती जोडीमध्ये श्रीमती अत्यन्त जाँगरिली थिई तर श्रीमान् चाहिँ चौपट्टै अल्छी थियो । काम गर्न भनेपछि उसलाई मरे जस्तै हुन्थ्यो ।

एक पटक ती दम्पतीले लैनो गाई किनेर ल्याएछन् । तर गाईलाई सधैँ लोग्ने मानिसले मात्र दुहुने गरेकाले स्वास्नी मानिसलाई दुहुन दिँदो रहेनछ । श्रीमतीले यो कुरा श्रीमान्लाई बताई तर श्रीमान्ले गाई दुहुन मानेन । श्रीमान्ले गाई दुहुनुपर्ने भए बरु मर्छु भन्यो । श्रीमान्को कुरा सुनेर श्रीमती डराई



र छिमेकीको सहयोगले गाई दुहुने काम चलाई ।

तर सधैँ छिमेकी गुहारेर कति दिन चलाउने ? छिमेकीलाई पनि सधैँ फुर्सत निकाल्न अप्ठेरो, त्यसैले एकदिन अल्छीकी श्रीमती र छिमेकी मिलेर एउटा सल्लाह गरे ।

सल्लाह गरेको भोलिपल्ट बिहान श्रीमतीले भनी, "सधैँ छिमेकीलाई मात्र कति दुख दिने ? अब तपाईँले नै गाई दुहुनुपर्‍यो ।" श्रीमान् आत्तियो । तिमीले अराएर गाई दुहुनुभन्दा मर्नु निको" भन्दै झुन्डिनका लागि डोरी खोज्न थाल्यो । उनीहरूको छलफल जम्मा भएका सबै छिमेकीहरूले सुने । त्यत्तिकैमा एक जना छिमेकीले भन्यो, "हेर भाइ ! तिम्रो मर्ने नै रहर रहेछ । हामीले कति रोक्ने ? बरु त्यो तिमीले समाएको डोरी पुरानो र मसिनो रहेछ । झुन्डिँदा चुँडिएर तिमीलाई दुख होला त्यसैले मैले मोटो डोरी ल्याएको छु, यसैमा झुन्डिँदा राम्रो होला ।"

श्रीमान्लाई फसाद पर्‍यो । उसले मर्ने नै विचारले मर्छु भनेको त थिएन । श्रीमतीलाई घुर्क्याउन मात्र मर्छु भनेको थियो । उसले लाजले मुन्टो निहुर्‍यायो । छिमेकीहरू एक एक गरेर घर घर लागे । उसले श्रीमतीसँग बाल्टी मागेर गाई दुहुन गयो । त्यसपछि उसले श्रीमतीलाई मर्छु भनेर सताएन । उसको अल्छी बानी पनि हरायो ।

# अनौठो औषधी



एक पटक कुनै देशमा एउटा समाचार फैलियो । समाचार थियो, "केही टाढाको पहाडमा एक जना महात्मा छन् । ती महात्मासँग मानिसलाई अजम्मरी बनाउने औषधी छ ।"

एक कान, दुई कान यो समाचार राजाले पनि सुने । राजाले एक जना मन्त्रीलाई ती महात्माकहाँ औषधी लिन पठाए ।

मन्त्री महिनौँ लगाएर महात्मा बसेको पहाडमा पुगे । तर मन्त्री पुग्नुभन्दा दुई दिन पहिले नै महात्मा मरिसकेका रहेछन् । मन्त्रीलाई खाली हात फर्कनुपऱ्यो ।

यो खबरले राजा मन्त्रीसँग समयमै पुग्न नसकेको भनेर निकै रिसाए । मन्त्रीलाई मन्त्री पदबाट हटाए र जेलमा पठाइदिए ।

यो सबै घटना थाहा पाएपछि रानीले राजासँग सोधिन्, "जुन मानिस आफैँ मऱ्यो त्योसँग अमर हुने औषधी हुन सक्छ ?" रानीको प्रश्नले मन्त्री जेल मुक्त भए र उनको खोसिएको मन्त्री पद पनि फिर्ता पाए ।

# सानो खरायोको ठुलो बुद्धि

एउटा सानो खरायो कतै जाँदै थियो । स्यालसँग जम्काभेट भयो । स्यालले खरायोलाई समायो र भन्यो, "बुझिस् फुच्चे, अब तँ मेरो खाजा बनिस् ।" खरायोले भन्यो, "राम्रो भयो, बरु छिटो खाऊ ।" खरायोको कुरा सुनेर स्याललाई अचम्म लाग्यो ।

स्याललाई खरायो किन मर्न चाहन्छ बुझ्ने विचार लाग्यो । स्यालले सोध्यो, "हैँ फुच्चे, तँ किन मर्न चाहन्छस् ।" खरायो - "मलाई बाँच्ने मन छैन ।"

स्याल- "किन ?"

खरायो, "किनभने मलाई घरमा कसैले माया गर्दैनन् ।"

स्याल- "तेरो घरमा को को छन् ?"

खरायो - "मेरा काकाकाकी र तिन जना भाइ बहिनी छन् । मेरी आमा बित्नुभएकाले मलाई माया गर्ने कोही छैन ।"

स्याल - "तेरो घर कति टाढा छ ?"

खरायो - "धेरै टाढा छैन, नजिकै छ ।"

स्यालले विचार गर्‍यो, "यो एउटा सानो खरायोलाई मात्र के खानु ? यसको घरमा पुगेर सबैलाई खाएर



टन्न हुनुपर्‍यो ।"

यति विचार गरेर स्यालले भन्यो, "मलाई तेरो घर देखा ।" "मलाई नमार्ने भए मात्र देखाइदिन्छु ।" खरायोले प्रस्ताव राख्यो, "ल हुन्छ तेरो घर देखाइदे म केही गर्दिनँ ।" स्यालले खरायोको प्रस्ताव मन्जुर गर्‍यो । केही पर पुगेर खरायोले एउटा रुखमा झुन्डिएको अरिङ्गालको गोलो देखाउँदै भन्यो, "ऊ सबै त्यही झोलामा छन् । मलाई मात्र त्यहाँ बस्न दिँदैनन् ।"

स्याल दङ्ग पर्‍यो । स्यालले एउटा लामो बाँस खोज्यो । बाँसले अरिङ्गालको गोलोलाई खसाल्यो । यसरी खसेका अरिङ्गालले रिसाएर स्याललाई टोक्न थाले । धेरै अरिङ्गालको टोकाइले केही बेरपछि स्याल मर्‍यो । फुच्चे खरायो भने स्याल मरेको देखेर झाडीभित्र नाच्दै थियो ।

# बास्नाको मोल

कुनै सहरमा एउटा दुई तले घर थियो । घरको तल्लो तलामा होटेल थियो । माथिल्लो तलामा एक जना मानिस डेरा गरी बस्थ्यो । डेरा गरी बस्ने मानिसले त्यो होटेलमा कहिल्यै पनि खाएको थिएन । एक दिन डेरा गरी बस्ने मानिसले होटेल मालिकलाई सोध्यो, "साहुजी आज किन मासु पकाउनुभएन ?"

"आज बुद्ध पूर्णिमा भएर मासु नपकाएको, तर तपाईँले कसरी थाहा पाउनुभयो ?" साहुजीले सोध्यो ।

"मैले तपाईँले पकाएको मासुको बास्नाले खाना खान्थेँ। तर आज तपाईँले नपकाउनु भएकाले मासुको बास्ना आएन। त्यसैले मैले भोकै रहनुपर्‍यो।" डेरा गरी बस्नेले जवाफ दियो । साहुजीले एकछिनपछि भन्यो, "त्यसो भए मेरो मासुको बास्नाको मोल तिर्नुपर्छ।"




डेरावालाले भन्यो, "बास्नाको पनि मोल हुन्छ नचाहिने कुरा ।" यस विषयमा वाद विवाद चल्यो। वाद विवाद चर्किएर नगरका मेयरसम्म पुग्यो । सबै कुरा सुनेर मेयरले डेरा गरी बस्नेलाई बास्नाको पाँच सय रुपियाँ तिर्नुपर्ने निर्णय सुनाए । रुपियाँ अर्को दिन लिएर आउनुपर्ने बताए । उनको न्याय सुन्नेहरूले अचम्म माने। साहुजी भने रमायो ।

अर्को दिन मेयरले त्यो रुपियाँ टेबुलमा राख्न लगाए । टेबुलको माथि ऐना थियो मेयरले साहुजीलाई ऐनामा देखिने रुपियाँ देखाउँदै भने, "लैजाऊ तिम्रो बास्नाको मोल, तिम्रो बास्नाको मोल त्यो ऐनामा देखिने रुपियाँ हुन्।"

मेयरको न्यायले साहुजी हिस्स पर्‍यो।


# अल्छी केराऊ



एक जना किसानले आफ्नो बारी खनजोत गऱ्यो र केराउको बिउ छऱ्यो। बारीमा छरिएका केराउमध्ये दुई ओटा केराउ एकै ठाउँ परेछन्। ती दुई ओटा केराउमध्ये एउटाले भने छ, "मित्र हामीलाई किसानले छरेको पनि दुई दिन भइसक्यो। अब हामी उम्रनुपर्छ। बाहिरको संसार कति रमाइलो होला ? अनि कलिला पातमा शित जम्मा गरेर बिहान कलिला घाम टल्किँदा कस्तो रमाइलो होला ? जमिनभित्र गुम्सिएर बस्नुभन्दा तँ खुल्ला आकाशमा नाच्नु नै रमाइलो।" अर्को केराउले भने छ, "तर खुला आकाशमा नाच्न तिमीले भने जस्तो सजिलो छैन। जमिनमा जरा पठाउँदा माटै भेटिन्छ भन्न सकिँदैन, ढुङ्गा पनि त भेटिन सक्छ। पानी नपाएर, मर्नु न बाँच्नु पनि हुन सक्छ। उम्रन्छु भनेर निकालेको टुसा चिप्लेकिरा वा झुसिल किराको आहारा पनि बन्न त्यतिकै अप्ठेरो। यसैले मित्र ! मेरो त पूर्ण रूपले सुरक्षित नहुँदै उम्रने विचार छैन।"

केही दिनपछि एउटा परेवा चर्दै केराउनेर पुग्यो र नउम्रेको केराउलाई चारो बनायो।

# किसानको जुक्ति





एक पटक एक जना किसानको गोरु चोरिएछ । उसले पल्ला गाउँको मानिसले उसको गोरु चोरेको पत्ता लगायो । तर कसले चोरेको हो, त्यो भने थाहा पाउन सकेन । त्यसैले पल्लो गाउँमा पुगेर ऊ चिच्याउन थाल्यो, “मेरो गोरु कसले चोरेको हो ? तुरुन्त ल्याऊ । होइन भने गोरु चोरिँदा मेरो बुबाले जे गर्नुभएको थियो मैले पनि त्यही गर्ने छु ।”

उसको यो भनाइ गोरु चोरले पनि सुन्यो । “मार्ने नै पो हो कि ।” गोरु चोर डरायो । त्यसैले चोरले गोरु ल्याएर गोरु मालिकलाई बुझाउँदै भन्यो, “ल तिम्रो गोरु लैजाऊ, तर यो त भन कि तिम्रो बुबाले गोरु हराउँदा के गर्नुभएको थियो ?”

“गोरु नभेटिएर अर्को गोरु किन्नुभएको थियो ।” गोरु मालिकले जवाफ दियो ।

गोरु चोर हिस्स पऱ्यो ।

# स्यालले दिउँसै तारा देख्यो



एउटा घोडा हरियो चउरमा चरिरहेको थियो। त्यसै बेला कतैबाट एउटा स्याल आयो । स्यालले मनमनै सोच्यो, 'यो मोटेलाई कुनै जुक्तिले मार्न पाए त महिनै भोज चलाउन सकिन्थ्यो ।'

घोडाले सोच्यो, 'यो मोरो छट्टु स्याल के जाल सोचेर आएको छ कुन्नि यसलाई पाठ सिकाउन पाए हुन्थ्यो ।'

घोडा हिंड्दा खोच्याउन थाल्यो । घोडाले खोच्याएको देखेर स्यालले पल्टिँदै सोध्यो, "किन खोच्याइराखेको, घोडा दाइ ?"

"हेर न खुट्टामा काँडा बिझेर सारै दुख दिएको छ, सक्छौ भने निकालिदेऊ न स्याल भाइ", घोडाले भन्यो ।

"हस् हस्, दाइको काँडा म निकाल्दिहाल्छु नि।" यति भन्दै स्याल घोडाको खुट्टा हेर्न पुग्यो ।

घोडा यस्तै मौकाको खोजीमा थियो । घोडाले स्याललाई यसरी लात्तीले हान्यो कि बिचरा स्यालले दिउँसै तारा देख्यो । स्याल सात हात पर पछारिन पुग्यो ।



# नयाँ मन्त्रालय



कुनै देशमा एक जना बुद्धिमान् मानिस थियो। उसको तीक्ष्ण बुद्धि देखेर त्यस देशका मन्त्रीहरू उसको ईर्ष्या गर्दथे। ती मन्त्रीहरू उसलाई कुनै कुरामा चुकाएर राजालाई ऊ बुद्धिमान् छैन भन्ने कुरा देखाउन चाहन्थे।

एक पटक उसलाई दरबारमा बोलाएर राजाले भने, "त्यहाँ टेबुलमा दुई ओटा गुलाफका फुल राखिएको छन्। तीमध्ये एउटा सक्कली हो र अर्को नक्कली हो। तिमीले फुललाई नछोई सक्कली र नक्कली छुट्याउनुपर्ने छ। अन्यथा तिमीले यो राज्यलाई छोडनुपर्ने छ।"

त्यो बुद्धिमान् भनिने मानिसले फुललाई राम्ररी हेऱ्यो। तर हेरेर सक्कली नक्कली छुट्याउन सकेन। किनभने ती दुवै फुल एकैनासका देखिन्थे। अनि उसले टेबुल नजिकैको झ्याल खोल्यो।

झ्याल खोलेको केही समयपछि नै उसले सक्कली र नक्कली फुल छुट्यायो।

राजाले सोधे, "कसरी छुट्यायौ ?" उसको जवाफ थियो, "जब मैले हेरेर सक्कली र नक्कली फुल छुट्याउन सकिनँ अनि झ्याल खोलेँ। झ्याल खोलेपछि मौरीभित्र आयो। सक्कली फुलमा मौरी बस्यो तर नक्कलीमा भुँ भुँ गर्दै घुम्यो मात्र, बसेन।"

त्यसपछि राजाले समस्या समाधान नामको नयाँ मन्त्रालय खोलेर उसैलाई मन्त्री बनाइदिए।